# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# विश्व बैंकका कन्ट्री म्यानेजर - गभर्नर शिष्टाचार भेट

गभर्नर डा. युवराज खतिवडासँग नेपालका लागि विश्व बैंकका नवनियुक्त Country Manager Takuya Kamata ले २०७१ भदौ २५ गते शिष्टाचार भेट गर्नुभयो । भेटमा गभर्नर खतिवडा र Country Manager Mr. Kamata बीच नेपालको समसामयिक आर्थिक, वित्तीय तथा मौद्रिक अवस्थाका बारेमा विचार विमर्श भएको थियो । सो छलफलमा नेपालको वित्तीय क्षेत्र सुधार, सरकारी बैंकहरुमा भएको समग्र सुधारका सम्बन्धमा भएका गतिविधि लगायतका विषयमा विचार विमर्श भएको थियो ।



यस क्रममा गभर्नर खतिवडाले नेपालको वित्तीय क्षेत्र स्थायित्व कायम गर्नका लागि भएका प्रयासका सम्बन्धमा जानकारी गराउनु हुँदै वित्तीय सुदृढीकरण तथा सुपरिवेक्षकीय क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण प्रगति हासिल भएको उल्लेख गर्नुभयो । उहाँले वित्तीय क्षेत्र सुधारको सुरुआतका दिनभन्दा अहिले व्यापक प्रगति भएको र ती बैंकहरु सामान्य अवस्थामा सञ्चालन भइरहको सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।

गभर्नर खतिवडाले नेपालका समष्टिगत आर्थिक परिसूचकहरु मजबुत रहको चर्चा गर्दै नेपालमा सरकारी वित्त, मौद्रिक तथा विदेशी विनिमयको अवस्थाले ठूला लगानी आयोजना अघि बढाउन सक्ने सम्भावनाहरु देखाएको र लगानीको प्रचुर सम्भावना रहेको सम्बन्धमा समेत चर्चा गर्नुभएको थियो ।

नवनियुक्त Country Manager Mr. Kamata ले विभिन्न उतारचढावका बीच नेपालको आर्थिक क्षेत्र स्थिर रहेकामा सन्तोष व्यक्त गर्दै नेपालको आर्थिक विकास र विशेष गरी आर्थिक वृद्धिका लागि विश्व बैंकको सहयोग निरन्तर रहने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

उक्त अवसरमा विश्व बैंकको तर्फबाट नेपालका लागि कन्ट्री डाइरेक्टर Mr. Johannes Zutt ले नेपाल राष्ट्र बैंकले वित्तीय स्थायित्वका लागि लिएका कदमहरुको सराहना गर्दै विश्व बैंकसँगको डेभलपमेन्ट पोलिसी क्रेडिट (Development Policy Credit) को कार्यान्वयन सफल तुल्याउन नेपाल राष्ट्र बैंकको भूमिकाप्रति प्रशन्नता व्यक्त गर्नुभएको थियो ।

**२०७१ भदौ २६ गते, बिहीबार**

**गभर्नरको कार्यालय**